# सरकारबारे सार्वजनिक ध्यानाकर्षण

सरकारसँग हाम्रा ७ सरोकार

२३ बैशाख २०८३

असाधारण लोकप्रीयताका साथ आएको यस सरकारसँग आम जनताका अपेक्षा पनि ठूला छन् । नेपालको राजनीतिक इतिहास या त निरङ्कुशता या अस्थिरताबाट गुज्रिँदै आएको छ । निर्वाचनमा बहुमत पाएका सरकारहरुसमेत पाँच वर्षसम्म टिक्न सकेका छैनन् । जसले गर्दा लोकतान्त्रिक स्थिरताका साथ समृद्धि हासील गर्ने नेपाल राष्ट्रको आकाङ्क्षा अधुरै रहेको छ । हरेक नयाँ सरकारसँग जनताका अपेक्षा यिनै छन् तर एकपछि अर्को सरकारका असफलताको मूल्य राष्ट्रले तिर्दै आएको छ । यस पृष्ठभूमिमा श्री बालेन्द्र शाहको नेतृत्वमा बनेको यस सरकारको सफलता मुलुकका लागि ऐतिहासिक उपलब्धी हुन सक्छ । त्यही आशाका साथ हामी सर्वप्रथमत: यस सरकारको सफलताको कामना गर्दछौं ।

सरकारबारे समग्र धारणा बनाउने समय भैसकेको छैन भन्ने कुरा हामीलाई थाहा छ । तर सरकार बनेको डेढ महिना पनि नबित्दै जे जस्ता निर्णयहरु भएका छन् तिनले देशवासीलाई झस्काएका छन् । सरकार असफलताको बाटोमा नजाओस् वा समय छँदै सरकारले आफ्ना गलत निर्णयहरु सच्याओस् भन्ने कामनाका साथ हामी निम्न विषयमा सरकारको ध्यानाकर्षण गर्न चाहान्छौं :

१. सहरलाई सुन्दर राख्ने वा तथाकथित हुकुमबासी हटाउने नाममा वास्तविक सुकुम्बासीहरुमाथि, समाजको सबैभन्दा कमजोर वर्गप्रति जस्तो व्यवहार गरिएको छ यसले यो सरकार गरिब तथा श्रमजीवी जनताप्रति असहिष्णु छ भन्ने देखाउँछ । कुनै पनि लोकतान्त्रिक सरकारले आफ्नै नागरिकहरुमाथि यस्तो अमानवीय व्यवहार गर्न सक्दैन । सुकुम्बासी जनताप्रति सरकारको असहिष्णुता कतिसम्म उदेकलाग्दो छ भने सरकारी लगानीमा बनेका विद्यालयहरुमा समेत डोजर चलाइएको छ । सरकारको रवैया कस्तो देखिन्छ भने मानौं 'गरीब जनताले आफ्नो अधिकारको दाबी गर्न पाउने दिन गए, शक्तिशाली सुकिला-मुकिलाका दिन आए' । सरकारले जे गर्‍यो, जसरी गर्‍यो त्यसले जनताको मन दुखेको छ । त्यसैले सुकुम्बासीलाई विकल्पको व्यवस्था नगरीकन उठिबास लगाउने काम तुरुन्तै, अहिल्यै बन्द गरियोस् । उनीहरुको नागरिक गरिमा र भौतिक आर्जनको जेजति क्षति भएको छ त्यसको क्षतिपूर्ति गरियोस्, उनीहरुको मानवअधिकारको सम्मान गरियोस्, विस्थापित स्कूले बच्चाहरुको अध्ययन, रोगी तथा बृद्धबृद्धाको उपाचार, खाना र बासको उचित व्यवस्था गरियोस् र संविधान, कानून तथा जनताप्रति उत्तरदायी

राजनीतिक जिम्मेवारीअनुसार वास्तविक सुकुम्बासीको घरबासको तत्कालै व्यवस्था गरियोस् ।

२. विद्यार्थी सङ्गठन र ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउनेजस्ता निर्णय या त असाध्यै असावधानीवस भएका छन् या त सरकारले जानीजानी संविधान तथा कानूनको उपहास गरेको छ । श्रमिकहरुको संगठित हुन पाउने अधिकारबारे नेपाल सरकार पक्ष भै दर्जनौ अभिसन्धिहरुमा हस्ताक्षर गरिएको विषयमा समेत सरकार अनभिज्ञ देखिन्छ । यी र यस्ता अधिकारहरुमाथि अङ्कुश लगाउने कामले न त सरकारको लोकतान्त्रिक अनुहार देखिन्छ न त त्यस्तो प्रतिबन्ध प्रभावकारी नै हुन्छ । त्यस्ता पेशागत तथा सामुदायिक सङ्गठनहरु राजनीतिक भएर होइन बरु अराजनीतिक भएर, गैरपेशागत भएर समस्या भएको हो । फेरि यी अधिकारहरु कुनै लहडबाट होइन, राजनीतिक अधिकारका लागि दशकौँसम्म धेरै लामो सङ्घर्ष र त्यागबाट प्राप्त गरिएका उपलब्धी हुन् । कसैले अधिकारको दुरुपयोग गरेको छ भने उसैलाई जिम्मेवार बनाउनु पर्छ । त्यसो नगरिकन एकलौटी प्रतिबन्धको निर्णयले सरकार लोकतान्त्रिक मूल्य मान्यताको विरुद्ध जाँदैछ भन्ने देखाउँछ । त्यसैले सरकारले यस्ता निर्णय र प्रस्तावहरु अविलम्ब फिर्ता लेओस् भन्ने कुरामा हाम्रो ध्यानाकर्षण छ ।
३. संसदमा यति अभूतपूर्व सामर्थ्य भएको सरकारले जसरी संसद छलेर अध्यादेशबाट शासन गर्न खोजेको छ यो लज्जास्पद कुरा हो । आफ्नो सामर्थ्यलाई लोकतान्त्रिक तथा संसदीय मूल्यहरुको सुदृढीकरणमा प्रयोग गर्नु पर्नेमा यत्तिको बलियो सरकारले पनि त्रिशङ्कु संसदका सरकारले जस्तो अध्यादेशको बाटो खोज्नु आश्चर्यजनक छ । यसले सरकारको प्रतिष्ठा र हैसियतलाई कमजोर बनाउँछ । संसदीय मर्यादालाई उल्लङ्घन गर्ने पूर्ववर्ति सरकारहरुको बाटो हिँडेर नयाँ परिणाम आउँदैन । त्यसैले सरकारले संसदलाई छल्ने र अध्यादेशबाट शासन गर्ने बाटो छोडोस् । साथै, हिजो राज्यका राजनीतिक नियुक्ति सत्ताधारी पार्टीका मानिसहरुलाई पुरस्कारस्वरुप वितरण गरिएको बदलामा तथाकथित नयाँहरुलाई पुरस्कृत गरेर सुशासनको नारा दिगो हुनै छैन भन्ने कुरा सरकारले राम्ररी बुझोस् ।
४. सीमा तस्करी रोक्ने नाममा नेपाल-भारत सीमानामा सय रुपियाँभन्दा माथिका सरसामानमा भन्सार लगाउने निर्णय जसरी कार्यान्वयन गर्न थालिएको छ त्यो अव्यवहारिक र विरोधाभाषपूर्ण छ । त्यसबाट सीमावर्ति क्षेत्रका सर्वसाधारण र प्रवासी नेपालीहरुलाई अनावश्यक दुख दिने काम भएको छ । यो विषय नेपाल-भारत खुला सीमाना र जनस्तरको सम्बन्धलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरासँग पनि सम्बन्धित छ । सीमामा हुने अवाञ्छित गतिविधि रोक्नु पर्छ र त्यसो गर्न सकिन्छ । तर तस्करी हुन्छ भन्ने नाममा आम सर्वसाधारणलाई दुख दिने काम तुरुन्तै बन्द गरिनु पर्छ ।
५. नेपालको आधुनिक इतिहासका मुख्य समस्या बेरोजगारी र भ्रष्टाचार हुन् । तिनको समाधानले मात्रै समाजको क्रान्तिकारी रुपान्तरणको आधार तयार गर्छन् । रोजगारीको मुद्दा विशुद्ध अर्थशास्त्रीय होइन बरु अर्थराजनीतिक हो । कृषि र उद्योगको संरक्षण नगरिकन, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सबै नेपालीको पहुँच सुनिश्चित नगरिकन र भ्रष्टाचार अन्त्य

नगरिकन नयाँ नेपाल बन्दैन । विगतका सरकारहरुले प्राथमिकताका यी क्षेत्रहरुलाई ध्यान दिएनन् । यस सरकारले पनि मुलुकका मुख्य प्राथमिकता बुझ्न सकेको देखिँदैन । बरु पहिलेका सरकारहरु वा नेताहरुजस्तै शक्तिको तुजुक देखाउने, समाजलाई तर्साउने बाटोमा हिँड्न थालेको देखिन्छ । मुलुकको ऐतिहासिक लक्ष्यमा केन्द्रित हुने हो भने यस सरकारसँग जनसमर्थन र समय दुवै पर्याप्त छन् । यस अवसरलाई सरकारले, वर्तमान सत्ताधारी पार्टीले र सर्वोपरीरुपमा प्रधानमन्त्रीले मुलुकको पक्षमा प्रयोग गरेनन् भने मुलुकले फेरि अर्को ऐतिहासिक अवसर गुमाउने छ । सम्बन्धित सबैले यसमा ध्यान दिउन् ।

६. सरकारको समर्थन गरेपछि जे गरे पनि हुन्छ भन्ने मनोविज्ञानलाई हिजोका सत्ताधारीहरुले प्रत्यक्ष/अप्रत्यक्षरुपमा प्रोत्साहित गरेका थिए । तिनीहरुले आफ्ना कमजोरीहरु देख्न चाहेनन् वा देख्न सकेनन् । समाजले तिनीहरुमाथि प्रश्न गरिरह्यो, तिनीहरु सुध्रेनन्, अन्त्यतः समाजले सजाय दियो । नयाँ सरकारले सबै नागरिकलाई भरोसा दिन्छ भन्ने अपेक्षाका साथ सर्वसाधारण नागरिकमात्रै होइन विभिन्न पार्टीका समर्थक र कार्यकर्ताले समेत ठूलो मात्रामा यस सरकारको पक्षमा भोट हालेका हुन् । तर आफैले पाएको जनमतप्रति सरकार बेखबर देखिन्छ । न्यायपालिका त्रसित भएको, नेपाली सेना सार्वजनिक मामिलामा तानिदै गएको, आम सञ्चारका माध्यमहरुलाई निरुत्साहित गर्न आर्थिक नाकाबन्दी गरिएकोजस्ता विषय जसरी सडकमा आएका छन् त्यसले राज्यका संस्थाहरुप्रति जनताको विश्वासलाई कमजोर बनाउँछ । यसै पनि हामी भदौ २३ गतेको जेन्जी प्रदर्शनको पृष्ठभूमि र २४ गते राज्यमाथि भएको आक्रमण र विध्वंशका वास्तविकताको निरुपण नगरिकन अगाडि बढेका छौं । सबैलाई भरोसा दिने, राष्ट्रलाई एकताबद्ध बनाउने, भविष्यप्रति आशा जगाउने सबैभन्दा ठूलो दायित्व सरकारको  हो । त्यसैले सरकारले गम्भीर आत्ममुल्याङ्कन गरोस् र समय छँदै कमजोरी सच्याओस् भनेर ध्यानाकर्षण गर्दछौं ।

७. नेपालले ठूला भूराजनीतिक धक्का र दबाबहरु झेल्दै आएको छ । हाम्रो राष्ट्रको विकास नै त्यसरी भएको छ । यसैबीच नेपालको कालापानी-लिपुलेक क्षेत्रमा करिब एक दशक पहिलेदेखि भारत र चीनले आपसी प्रयोजनका लागि गरेको हस्तक्षेपपूर्ण समझदारी गरेको विषयमा विगतका सरकारहरुले व्यक्त गरेको अडानलाई वर्तमान सरकारले अवलम्बन गरेको छ । यस विषयको गम्भीरता र समयले अझ फराकिलो राष्ट्रिय सहमति र बलियो एकतामा आधारित पहलकदमीको माग गर्छ भन्ने कुरामा पनि सरकार विशेषरुपले सजग रहोस् भन्ने कुरामा हाम्रो ध्यानाकर्षण छ ।

घनश्याम भूसाल
कार्यवाहक अध्यक्ष
नेकपा (संयुक्त)